त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इञ्जिनियरिङ्ग अध्ययन संस्थान
Institute of Engineering
Bulletin
GPO Box 1915, Pulchowk Lalitpur, Ph: 977-1-5521531, Fax: 5525830, www.ioe.edu.np, bulletin@ioe.edu.np
२०७८ साल मंसिर महिनाको बुलेटिन, प्रकाशन मिति: २०७८-०९-१४ (Dec. 29, 2021), बर्ष २६ अंक ५, पुल्चोक, ललितपुर।

## त्रि. वि. इ.अ.सं. मा "The Future of Chemical Engineering in Nepal" बिषयक सेमिनार सम्पन्न।

त्रि. वि. इ. अ. सं. पुल्चोक क्याम्पसको केमिकल इञ्जिनियरिङ्ग विषयमा अध्ययनरत विद्यार्थीहरुको आयोजनामा २०७८ मंसिर १५ गते नेपालमा केमिकल इञ्जिनियरिङ्गको भविष्य "The Future of Chemical Engineering in Nepal" बिषयक सेमिनार सम्पन्न भयो। इञ्जिनियरिङ्ग अध्ययन संस्थानका डीन प्रा.डा. शशिधर राम जोशीज्यूको प्रमुख आतित्यथामा सम्पन्न उक्त सेमिनारमा इ.अ.सं. का सहायक डीन हरु प्रा.डा. सुशील बहादुर बज्राचार्यज्यू, प्रा. डा. ज्ञान बहादुर थापाज्यू, प्रा. डा. चिन्तामणि पोखेलज्यू, प्रा.डा. राजेन्द्र श्रेष्ठज्यू, पुल्चोक क्याम्पसका क्याम्पस प्रमुख डा. इन्द्र प्रसाद आचार्यज्यू, सहायक क्याम्पस प्रमुखज्यूहरु लगायतको उपस्थिति थियो। नेपाल नापतौल तथा गुणस्तर बिभागका उपमहानिर्देशक इ. प्रभात कुमार सिंङ, नेपाल आयल निगमका उपकार्यकारी निर्देशक इ. सुशिल भट्टराईज्यू, नानोटेक्नोलोजी विशेषज्ञ प्रा.डा. हेमराज पन्तज्यू ,केमिकल इञ्जिनियर्स समाज नेपालका अध्यक्ष डा. चण्डिका भट्टज्यू, बिषय बिज्ञ डा. जियाउल हक अन्सारीज्यू लगायतका ब्यक्तित्वहरुले केमिकल इञ्जिनियरिङ्गका विविध पक्षका बारेमा जानकारी गराउनु भयो। पुल्चोक क्याम्पसमा केमिकल इञ्जिनियरिङ्ग कार्यक्रम खुलेको प्रति खुसि ब्यक्त गर्दै कार्यक्रममा बिषय बिज्ञहरुले औधोगिक बिकासका लागि केमिकल इन्जिनियरहरुको भूमिका महत्वपुर्ण हुने र दक्ष केमिकल इन्जिनियरहरुको अभावमा नेपाली उद्योगले भोगेका समस्या निकट भविश्यमा अन्त्य हुने बताउनु भयो। कार्यक्रमलाई सम्बोधन गर्दै इञ्जिनियरिङ्ग अध्ययन संस्थानका डीन प्रा. डा. शशिधर राम जोशीज्यूले मुलुकको सम्बृद्दिका लागि केमिकल इन्जिनियरको भूमिका महत्वपुर्ण हुने हुनाले केमिकल इञ्जिनियरिङ्गको बिकासका लागि सरकारले छुट्टै बजेटको व्यवस्था गर्नु पर्नेमा आफुहरुले जोड दिंदै आएको र नयाँ कार्यक्रमहरु हुनाले केहि चुनौती भए पनि त्यसको अनुपातमा अवसरहरु धेरै भएको बताउनु भयो। इ.अ.सं. का सहायक डीन प्रा.डा. सुशील बज्राचार्यज्यूले केमिकल इञ्जिनियरिङ्गलाई थप परिष्कृत गर्दै लैजानका लागि भारतका IIT Kanpur , Rurkee लगायतका शैक्षिक संस्थाहरुसँग महत्वपुर्ण सम्झौताहरु भएकाले प्रवेश परिक्षाको तयारीमा रहेका र केमिकल इञ्जिनियरिङ्गप्रति लगाव भएका बिद्यार्थीहरुलाई समेत ढुक्क भएर उक्त कार्यक्रममा भर्ना हुन आग्रह गर्नु भयो। इ.अ.सं. का सहायक डिन प्रा. डा. ज्ञान बहादुर थापाज्यूले केमिकल इञ्जिनियरिङ्ग कार्यक्रमको भविष्य पहिलो ब्याचका बिद्यार्थीको नतिजामा भर पर्ने हुनाले उत्कृस्ट नतिजा आउने गरि अध्ययन गर्न सुझाव दिनु भएको थियो। इ.अ.सं. का सहायक डिन प्रा. डा. चिन्तामणि पोखेलज्यूले बजारलाई आवश्यक पर्ने दक्ष केमिकल इन्जिनियरको उत्पादनमा आफुहरुले इ.अ.सं. को तर्फ बाट कुनै पनि कमि हुन नदिने बताउनु भयो। कार्यक्रममा बोल्दै पुल्चोक क्याम्पसका क्याम्पस प्रमुख डा. इन्द्र प्रसाद आचार्यज्यूले केमिकल इञ्जिनियरिङ्ग कार्यक्रमलाई आफुले पहिलो प्राथमिकता राखेको र भवन, ल्याब लगायतका संरचनाहरु तयार भै रहेको जनाउनु भयो। नेपाल गुणस्तर तथा नापतौल विभागका उपमहानिर्देशक प्रभातकुमार सिंहज्यूले केमिकल इन्जिनियरको अभावमा विभिन्न निकायमा सो बिषयसंग सम्वन्धित दरबन्दीहरु रिक्त रहेको जानकारी गराउंदै सरकारी क्षेत्रमा समेत केमिकल इन्जिनियरको भविष्य उज्वल रहेको

बताउनु भयो। कार्यक्रमलाई सम्बोधन गर्दै इ. सुशील भट्टराईज्यूले स्थानीय उत्पादनको गुणस्तर तथा प्रवर्द्धनका निम्ति केमिकल इन्जिनियरको भूमिका अत्यन्त महत्वपूर्ण हुने बताउनु भयो।




*Figure 1 केमिकल इ. बिषयक सेमिनार*

केमिकल इन्जिनियरको भूमिकाका सन्दर्भमा रिसर्च पेपर प्रस्तुत गर्दै प्रा.डा. हेमराज पन्तले मुलुकको भौगोलिक विशेषताअनुकूल उत्पादन हुने फलफूल, जडीबुटीजन्य उत्पादनलाई व्यावसायिक रूपमा अघि बढाउन पनि केमिकल इन्जिनियरको आवश्यकता रहेको बताउनु भयो। यसैगरी, केमिकल इन्जिनियर्स समाज नेपालका अध्यक्ष डा. चण्डिका भट्टज्यूले मुलुकको सबै खाले उद्योगमा केमिकल इन्जिनियरको आवश्यकता रहेको र आर्थिक सवलीकरण र औद्योगिकीकरणका निम्ति केमिकल इन्जिनियरिङ्को आवश्यकता खड्किएको बताउनु भयो। कार्यक्रममा केमिकल इञ्जिनियरिङ्का बिज्ञ डा. जियाउल हक अन्सारीले २१ औं सताब्दीमा केमिकल इन्जिनियरको भूमिकाका सन्दर्भमा रिसर्च पेपर प्रस्तुत गर्नु भएको थियो। पुल्चोक क्याम्पसको एप्लाइड साइन्स एण्ड केमिकल इञ्जिनियरिङ्ग बिभागका विभागीय प्रमुख प्रा. डा. रामकुमार शर्माको अध्यक्षतामा सम्पन्न उक्त सेमिनारको संयोजन केमिकल इञ्जिनियरिङ्का बिद्यार्थी अनिश अधिकारीले गर्नुभएको थियो।

# सम्पादकीय

## प्राज्ञिक उत्थानका लागि उच्च प्राविधिक शिक्षामा नेपाल सरकारको भूमिका

नेपालको उच्च प्राविधिक शिक्षालाई पछिल्लो समयमा मुख्यरुपमा तीन खण्डमा विभाजन गरी विश्लेशण गर्न सकिन्छ। पहिलो खण्ड—(२०१७ — २०४६), दोस्रो खण्ड — (२०४६ — २०६३) र तेस्रो खण्ड — (२०६३ पछी हाल सम्म)। २०७२ को संविधानवाट नेपाल एक संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली शुरु गर्ने देशमा पर्दछ। Academic Excellency का लागि अन्तर्राष्ट्रीय गुणस्तरको पूर्ण अनुसन्धानमा आधारित उच्च प्राविधिक शिक्षा आजको आवश्यकता हो, तर पुरानो शासनकालमा स्थापित र तेही समयको भौतिक संरचनामा सञ्चालित देशका उच्च प्राविधीक शिक्षालयहरुले विना रुपान्तरण आजको माग अनुसारको शैक्षिक गुणस्तर कायम राख्न प्रायः असम्भव नै छ। तथापी Institute of Engineering (IOE) जस्तो देशको प्राविधिक शिक्षालयमा सुधार गर्न के गर्नु पर्छ? भन्ने विषयमा राज्यको खासै ध्यानाकर्षण भएको देखिन्न। यदि राज्यको ध्यान उच्च प्राविधीक शिक्षामा हुन्थ्यो भने यस्ता संस्थाहरु आर्थिक रुपमा कम्जोर हुने थिएनन, राज्यको लगानि हुने थियो भने विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरवन्दीहरु हुने थिए, देशले र संसारले माग गरे अनुसारका नयाँ-नयाँ अनुशन्धानमुलक कार्यक्रमहरु द्रुततर गतिमा स्थापना हुन सक्थे, प्रशस्त प्याटेन्ट प्रकाशन हुन्थे, शिक्षक तथा विद्यार्थीहरु पूर्ण अनुसन्धानमा ब्यस्त हुन्थे तद अनुरुप शिक्षक/विध्यार्थी राजनीति र जायज-नाजायज मागमा शैक्षिक सँस्थामा तालावन्दी हुन्थेनकी।

Academic Excellency कसरी हाँसिल गर्ने? भन्ने प्रश्नको उत्तर खोज्दै जानेहो भने सँस्थाको आर्थिक आम्दानी र खर्चको पाटोलाई केलाउनु पर्ने हुन्छ। त्रि. वि. इ. अ. सं. एक सार्वजनिक संस्थान भएको हुनाले यसको आम्दानी कि त सरकारबाट अनुदान पाउनु पर्छ, कि त बिद्यार्थीको भर्ना तथा शैक्षिक शुल्कबाट। आङ्गिक क्याम्पसका नियमित र पूर्णशुल्कीय विद्यार्थी तथा सम्वन्धनप्राप्त कलेजका पूर्णशुल्कीय विद्यार्थी गरि तीन थरीका शुल्क निर्धारणमा बिद्यार्थी भर्ना हुने र शुल्कमा रहेको अनेकताले गर्दा प्रत्येक बर्ष बिद्यार्थीहरुमा कुन संस्थामा के कती शुल्कमा इन्जिनियरिङ् पढ्ने? भन्ने बारेमा प्रायः अलमलमा परेको साथै भर्ना भईसके पछि पनि रकमकै हेरफेरका कारणले एउटा संस्थाको भर्ना कार्यक्रम रद्द गरी अर्को संस्थामा भर्ना हुने क्रम कक्षा सञ्चालन नहुँदा सम्म जारीनै रहेको पहिला बर्षहरुको अनुभवबाट भन्न सकिन्छ। Institute of Medicine (IOM) अन्तर्गतका आङ्गिक तथा सम्वन्धनप्राप्त कलेजहरुमामा रेगुलर र पूर्णशुल्कीय गरी जम्मा दुई थरी शुल्कमा विद्यार्थी भर्ना हुन्छन जस अनुसार IOM का आंगिक क्याम्पसका पूर्णशुल्कीय विद्यार्थी र सम्वन्धन प्राप्त कलेजका पूर्णशुल्कीय विद्यार्थीको शैक्षिक शुल्क राज्यद्वारा गठित चिकित्सा शिक्षा आयोगले निर्धारण गर्दछ।जस अनुसार नियमित र पूर्णशुल्कीय विद्यार्थीको शैक्षिक शुल्क आंगिक र सम्वन्धनप्राप्त कलेजहरुका लागि समान शुल्क निर्धारण भएको छ भने इ. अ. सं. को हकमा सो व्यवस्था भएको देखिंदैन। लगभग २२ बर्ष पहिलाकै निर्धारित शुल्कमा इ. अ. सं. ले आंगिक क्याम्पसमा हालसम्म पूर्णशुल्कीय कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। २२ बर्ष पाहिलाकै निर्धारित दरवन्दी (शिक्षक तथा कर्मचारी) र सरकारको विना थप लगानी पुरानै शुल्कमा आजको आधुनिक विश्वमा आधारित बैज्ञानिक शिक्षा प्रदान गर्न इ. अ. सं. ले निकै ठूलो चुनौतीको सामना गरि रहेको देखिन्छ। तसर्थः आधुनिक प्रविधी अनुसारको शैक्षिक पुर्वाधार निर्माण, शिक्षक/कर्मचारीको कार्यक्रम र विद्यार्थी अनुपातको आधारमा दरवन्दी व्यवस्थापन गर्दै Academic Excellency तर्फ जानका लागि राज्यवाट प्रशस्त लगानी हुनु पर्ने देखिन्छ अन्यथा आंगिक क्याम्पसहरुको पूर्णशल्किय कार्यक्रमहरुमा हालको बजार मुल्य अनुसारको शैक्षिक शुल्क निर्धारण गर्नु पर्ने जरुरी देखिन्छ।

# SHOCK TABLE AT PULCHOWK CAMPUS, IOE

Under Nepal Housing Reconstruction Project, with support of United Nations Development Program (UNDP), Nepal and Government of India, and in collaboration with Department of Urban Development and Building Construction (DUDBC) and Institute of Engineering (IOE), a "Shock Table" was inaugurated on November 29, 2021 at Pulchowk Campus, IOE. The test facility inauguration ceremony was honored by Hon'ble Minister for Urban Development, Ram Kumari Jhakri, Dean (IOE), Campus Chief (Pulchowk Campus) and several delegates and experts from UNDP, DUDBC and IOE.

The main objective of shock table testing facility is to assist for enhancing understanding and confidence building in earthquake resistant building technology for earthquake prone country Nepal. The shock table has a payload capacity of 20 ton with the table size of 6 m x 3.6 m. The table platform is fabricated of steel and is mounted on six rollers to allow one-dimensional longitudinal movement. A 2 ton pendulum as shown in Figure 1 is installed at one end of the platform will give impact and cause the desired acceleration in the platform. The weight of the shock table including springs and wheels is 4273 kg.

A pilot experiment was done on November 29 and 30 to study the effectiveness of containment reinforcement system with several seismic interventions in traditional vernacular stone masonry residential houses. Two half-scaled building models were tested. One unreinforced and the other with containment reinforcement system and seismic interventions were constructed on the shock table platform for comparison purpose.




*Figure 2 Test set-up for Shock Table*

A series of shock tests were performed starting from small level of shocks to large level of impacts, varied through different levels of inclination of pendulum. The instrumentations included accelerometers attached to the shock table and several potential locations in the test specimens to measure the acceleration. Further, after each impact the damage to the structure were assessed and recorded through crack measurements. The preliminary assessments and visual observations demonstrated that the existing unreinforced stone masonry is clearly vulnerable to ground shaking as shown in Figure 2. The reinforced counterpart, on the hand, showed significant improvement in strength and resilience even for strong levels of ground movements.




Unreinforced specimen




Reinforced specimen

*Figure 3 Cracking patterns for unreinforced and reinforced specimens after several shocks*

## Tunnel Design and Construction Training Conducted by CED, IOE

Continuing education division (CED) of IOE in association with Quality Research and Development Center (QRDC), DOR and Nepal Geotechnical Society (NGS) has conducted three days training program on “Basic Design and Construction Methodology of Transportation Tunnel, A Case Study of Nagdhunga Tunnel” from 22$^{nd}$ to 24$^{th}$ Mangshir, 2078.

The main objectives of this training program was to make trainees familiar with the use of underground space in transportation, to be able to plan, design and construct transport and urban tunnels to reduce cost of construction and expenses of energy in transport and indirectly protect environment. On completion of this course, the trainees will be able to decide the requirement of road tunnel based on the traffic demand and plan the road tunnels based on the topographical, geological, geotechnical, geometrical, legal and administrative considerations. Hence the training program mainly focuses on the design of components and support system for the transportation tunnel. The rational approach for selecting the tunnel alignment including the component design criteria have been discussed. The Tunnel construction methods provided the basic knowledge on different tunnel excavation techniques which are widely used for tunnel construction in different geological ground condition to the trainee. Some detail outlook have been provided in highly practicing tunnel construction method in our territory which helps trainee to know what are the pros and cons of the present practice of excavation in the region and what type of precaution should be consider while designing,

monitoring and construction contract designing. Thistraining would help trainee providing depth knowledge in the field of tunneling methods and technology, tunnel construction environment, and management of tunnel development project.









*Figure 4 Glimpses of CED training program on tunnel design and construction*

# नियुक्ति / सरुवा / बढुवा / राजिनामा/अवकाश

इ. अ. सं. अन्तर्गतका आङ्गिक क्याम्पस र केन्द्रहरुमा त्रि. वि. तथा इ. अ. सं. को निर्णय बमोजिम २०७८ मंसिर महिनामा नियुक्ति, सरुवा तथा वढुवा, अवकाश हुनु भएका र विभिन्न पदबाट राजिनामा गर्नुभएका शिक्षक तथा कर्मचारीहरुको विवरण तपसिल बमोजिम रहेको छ।

## तपसिल

| सि.नं. | नाम | पद | विवरण | पत्रको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री मैया देवी प्रधान ( उप्रेती) | उप-प्राध्यापक | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस, पुल्चोकको अर्किटेक्चर विषयको उप-प्राध्यापक पदमा मिति २०७८/१२/२५ गते देखि लागु हुने गरी त्रि.वि.कार्यकारी परिषद्को मिति २०७८/०७/२८ गतेको बैठकको निर्णयानुसार अनिवार्य अवकाश हुनुभएको । | २०७८/०७/२८ | त्रि.वि.रजिष्ट्रार कार्यालयको च.नं.२३५२।०७८।०७९ |
| २ | श्री बाबुकाजी महर्जन | मुख्य प्राविधिक सहायक ( क्यामेरा) | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस, पुल्चोकको मुख्य प्राविधिक सहायक (क्यामेरा) पदबाट मिति २०७८/०८/०१ गते देखि लागु हुने गरी राजिनामा पेश गर्नुभएको । | २०७८/०८/०७ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.८९४।०७८।०७९ |
| ३ | डा.महेश प्रसाद भट्टराई | सह-प्राध्यापक | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस अन्तर्गत सिभिल इन्जिनियरिङ्ग विभागमा संचालित M.Sc in Environmment Engineering कार्यक्रमको प्रोगाम कोअर्डिनेटर पदमा मिति २०७८/०७/०२ गते देखि लागु हुने गरी २ (दुई) वर्ष सम्मको लागि नियुक्ति गरिएको । | २०७८/०८/०३ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.८५७।०७८।०७९ |

| सि.नं. | नाम | पद | विवरण | पत्रको मिति | कैफियत |
|---|---|---|---|---|---|
| ४ | डा.भिम कुमार दाहाल | उप-प्राध्यापक | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस अन्तर्गत सिभिल इन्जिनियरिङ्ग विभागको विभागीय उप-प्रमुख पदमा मिति २०७८/०७/०१ ग्ते देखि लागु हुने गरी २ वर्षको लागि पुन: नियुक्ति गरिएको । | २०७८/०८/०३ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.८५६।०७८।०७९ |
| ५ | डा.विनोद कुमार भट्टाराई | प्राध्यापक | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस अन्तर्गत एप्लाईड साईन्सेस एण्ड इन्जिनियरिङ्ग विभागको भौतिक शास्त्र शिक्षण समितिको अध्यक्ष पदमा मिति २०७८/०८/०१ गते देखि लागु हुने गरी २ पर्षको लागि नियुक्त गरिएको । | २०७८/०८/०३ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.८५५।०७८।०७९ |
| ६ | श्री नगेन्द्रराज सिटौला | सह-प्राध्यापक | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस अन्तर्गत सिभिल इन्जिनियरिङ्ग विभागमा संचालित M.Sc in Disaster Risk Management कार्यक्रमको प्रोग्राम कोअर्डिनेटर पदमा मिति २०७८/०८/१६ देखि अर्को व्यवस्था नभएसम्मको लागि पुन: नियुक्ति गरिएको । | २०७८/०८/०३ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.८५८।०७८।०७९ |
| ७ | प्रा.डा.खेमनारायण पौडेल | प्राध्यापक | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस अन्तर्गत एप्लाइड साइन्स एण्ड केमिकल इन्जिनियरिङ्ग विभागमा संचालित M.Sc in Climate Change and Development विषयको प्रोग्राम कोअर्डिनेटर पदमा मिति २०७८/०८/१० गते देखि पुन: २ (दुई) वर्षको लागि नियुक्ति गरिएको । | २०७८/०८/१४ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.९७२।०७८।०७९ |
| ८ | श्री कमल नेपाल | प्रशिक्षक | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस इलेक्ट्रोनिक्स तथा कम्प्यूटर इन्जिनियरिङ्ग विभागको मुख्य Lab Incharge पदमा मिति २०७८/०८/०१ देखि लागु हुने गरी २ वर्ष सम्मको लागि नियुक्ति गरिएको । | २०७८/०८/१५ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.९८५।०७८।०७९ |
| ९ | श्री शान्ति तामाङ्ग | प्रशिक्षक | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस इलेक्ट्रोनिक्स तथा कम्प्यूटर इन्जिनियरिङ्ग विभागको Lab Incharge (Electronics Lab-1) पदमा मिति २०७८/०८/०१ देखि लागु हुने गरी २ वर्षको लागि नियुक्ति गरिएको । | २०७८/०८/१५ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.९८१।०७८।०७९ |
| १० | श्री अनिला कंसाकार | प्रशिक्षक | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस इलेक्ट्रोनिक्स तथा कम्प्यूटर इन्जिनियरिङ्ग विभागको Lab Incharge (Electronics Lab-1) पदमा मिति २०७८/०८/०१ देखि लागु हुने गरी २ वर्ष सम्मको लागि नियुक्ति गरिएको । | २०७८/०८/१५ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.९७९।०७८।०७९ |
| ११ | श्री राम एकवाल यादव | सहायक प्रशिक्षक | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस इलेक्ट्रोनिक्स तथा कम्प्यूटर इन्जिनियरिङ्ग विभागको Lab Incharge (Electronics Lab-2 (Communication Lab-2) पदमा मिति २०७८/०८/०१ देखि लागु हुने गरी २ वर्षको लागि नियुक्ति गरिएको । | २०७८/०८/१५ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.९८२।०७८।०७९ |
| १२ | श्री सुरेश झा | उप-प्रशिक्षक | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस इलेक्ट्रोनिक्स तथा कम्प्यूटर इन्जिनियरिङ्ग विभागको Lab Incharge (Electronics Lab-3 (Basic Lab-1) पदमा मिति २०७८/०८/०१ देखि लागु हुने गरी २ वर्षको लागि नियुक्ति गरिएको । | २०७८/०८/१५ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.९८४।०७८।०७९ |
| १३ | श्री दिपक लाल श्रेष्ठ | प्रशिक्षक | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस इलेक्ट्रोनिक्स तथा कम्प्यूटर इन्जिनियरिङ्ग विभागको Lab Incharge (Electronics Lab-5 (Basic Lab-2) पदमा मिति २०७८/०८/०१ देखि लागु हुने गरी २ वर्षको लागि नियुक्ति गरिएको । | २०७८/०८/१५ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.९८०।०७८।०७९ |

| सि.नं. | नाम | पद | विवरण | पत्रको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १४ | श्री विश्वास पोखरेल | प्रशिक्षक | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस इलेक्ट्रोनिक्स तथा कम्प्यूटर इन्जिनियरिङ्ग विभागको Lab Incharge (Electronics Lab-6) पदमा मिति २०७८/०८/०१ देखि लागु हुने गरी २ वर्ष सम्मको लागि नियुक्ति गरिएको । | २०७८/०८/१५ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.९८३।०७८।०७९ |
| १५ | डा.अजय कुमार झा | सह-प्राध्यापक | त्रि.वि.इ.अ.सं.प्रदुषण अध्ययन केन्द्र (CPS) को निर्देशक पदमा मिति २०७८/०९/०१ गते देखि लागु हुने गरी २ वर्षको लागि नियुक्ति गरिएको । | २०७८/०८/१६ | इ.अ.सं.डीन कार्यालयको च.नं.८७६।०७८।०७९ |
| १६ | श्री आयुष भट्टराई | उप-प्राध्यापक | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस अन्तर्गत मेकानिकल तथा एरोइस्पेस इन्जिनियरिङ्ग विभागको विभागीय उप-प्रमुख पदमा मिति २०७८/०८/१६ गते देखि लागु हुने गरी अर्को व्यवस्था नभए सम्मको लागि नियुक्ति गरिएको । | २०७८/०८/१६ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.१००९।०७८।०७९ |
| १७ | डा.राजन सुवाल | सह-प्राध्यापक | त्रि.वि.इ.अ.सं.पुल्चोक क्याम्पस अन्तर्गत सिभिल इन्जिनियरिङ्ग विभागमा संचालित M.Sc in Structure Engineering कार्यक्रमको प्रोगाम कोअर्डिनेटर पदमा मिति २०७८/०७/२१ गते देखि लागु हुने गरी २ (दुई) वर्ष सम्मको लागि नियुक्ति गरिएको । | २०७८/०८/२१ | इ.अ.सं.पुल्चोक क्याम्पसको च.नं.१०३४।०७८।०७९ |
| १८ | श्री राम प्रसाद न्यौपाने | उप-प्राध्यापक | त्रि.वि.इ.अ.सं.थापाथली क्याम्पस, थापाथली अन्तर्गत सिभिल इन्जिनियरिङ्ग विभागको विभागीय प्रमुख पदमा मिति २०७८/०८/०८ गते देखि लागु हुने गरी २ वर्षको लागि नियुक्ति गरिएको । | २०७८/०८/०८ | इ.अ.सं. थापाथली क्याम्पसको च.नं.३९२।०७८।०७९ |
| १९ | श्री विष्णु चौधरी | उप-प्राध्यापक | त्रि.वि.इ.अ.सं, पूर्वाञ्चल क्याम्पसको M.Sc in Information System Engineering विषयको प्रोग्राम कोअर्डिनेटर पदमा मिति २०७८/०८/०८ गते देखि लागू हुने गरी २ (दुई) वर्षको लागि नियुक्त गरिएको । | २०७८/०८/०८ | इ.अ.सं. पूर्वाञ्चल क्याम्पसको च.नं.४२६।०७८।०७९ |

# अध्ययन बिदा

इ. अ. सं. का आंगिक क्याम्पसबाट अध्ययन बिदामा बस्नुहुने शिक्षकहरुको नामावली।

| सि.नं. | नाम | क्याम्पस | अध्ययन बिदा स्वीकृत (देखि) | अध्ययन बिदा स्वीकृत (सम्म) | कैफियत | पत्रको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | उप-प्रा.सुजन त्रिपाठी | थापाथली क्याम्पस | २०७८/०८/०३ | २०७९/०८/०२ | १ वर्ष | २०७८/०८/१७ | इ.अ.सं.,डीन कार्यालयको च.नं.८८१।०७८।०७९ |
| २ | उप-प्रा.राजकुमार चौंलागाई | थापाथली क्याम्पस | २०७८/०८/०१ | २०७९ कार्तिक मसान्त सम्म | १ वर्ष | २०७८/०८/१७ | इ.अ.सं.,डीन कार्यालयको च.नं.८८२।०७८।०७९ |
| ३ | उप-प्रा.किरण गिरी | पश्चिमाञ्चल क्याम्पस | २०७८/०७/२८ | २०७९/०७/२७ | १ वर्ष | २०७८/०८/१७ | इ.अ.सं.,डीन कार्यालयको च.नं.८८०।०७८।०७९ |
| ४ | उप-प्रा.इन्द्र बहादुर भण्डारी | पूर्वाञ्चल क्याम्पस | २०७८/०८/०४ | २०७९/०८/०३ | १ वर्ष | २०७८/०८/२८ | इ.अ.सं.,डीन कार्यालयको च.नं. ९७२ ।०७८।०७९ |
| ५ | लेखा सहायक डीक बहादुर तामाङ्ग | पूर्वाञ्चल क्याम्पस | २०७८/०८/१८ | २०७९/०८/१७ | १ वर्ष | २०७८/०९/०१ | इ.अ.सं.,डीन कार्यालयको च.नं.९८२।०७८।०७९ |
| ६ | उप-प्रा.अलङ्कार काफ्ले | पूर्वाञ्चल क्याम्पस | २०७८/०४/०३ | २०७९/०४/०२ | १ वर्ष | २०७८/०९/०२ | इ.अ.सं.,डीन कार्यालयको च.नं.९८१।०७८।०७९ |

| विद्यावारिधी (Ph.D.) | | | | |
|---|---|---|---|---|
| इ. अ. सं. बाट २०७८ मंसिर महिनामा विद्यावारिधी शोध प्रस्तुत गर्नुहुनेहरुको नामावली निम्न बमोजिम छ। | | | | |
| क्र. स. | शोधार्थीको नाम/थर | शोधको शीर्षक | उपाधी | पूरा भएको मिति |
| १. | इन्द्र नारायण यादव | STRAIN BASED APPROACH IN FATIGUE DAMAGE MODELING OF BRITTLE MATERIALS-APPLICATION TO CONCRETE AND WOVEN FABRIC GLASS COMPOSITES | Doctor of Philosophy in Civil Engineering | *2078-08-17*<br>3 December, 2021 |

| त्रि. वि. इ. अ. स. मा २०७८ मंसिर महिनामा नियुक्त पदाधिकारीहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र. स. | पदाधिकारीको नाम | पद | कार्यरत क्याम्पस | नियुक्ती मिति | सम्म |
| १. | प्रा.डा.सुधा श्रेष्ठ, | अध्यक्ष, आर्किटेक्चर विषय समितिको | इ.अ.सं., पुल्चोक क्याम्पस | २०७८/८/२३ | २०८० जेष्ठ मसान्त सम्म |
| २. | प्रा.डा. सुधा श्रेष्ठ, | सदस्य, विद्यापरिषद् | इ.अ.सं., पुल्चोक क्याम्पस | २०७८/८/२७ | २०७९/४/४ सम्म |
| ३. | प्रा.डा.राम कुमार शर्मा, | अध्यक्ष , विभागीय अनुशन्धान समिति | इ.अ.सं., पुल्चोक क्याम्पस | २०७८/८/०७ | अर्को व्यवस्था नभएसम्म |
| ४. | सह-प्रा. डा. असिम रत्न बज्राचार्य | सदस्य , विभागीय अनुशन्धान समिति | इ.अ.सं., पुल्चोक क्याम्पस | २०७८/८/१४ | २०७९/०१/०२ सम्म |

## 11th IOE GC सञ्चालनार्थ Committee हरुको गठन।

इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गतका आंगिक क्याम्पसहरुमा संचालित स्नातकोत्तर (M.Sc.) तहको विभिन्न कार्यक्रमहरुमा अध्ययनरत विद्यार्थीहरुसँग सम्बन्धित ***Graduate Conference को एघारौं संस्करण (11th IOE-Graduate Conference)*** इन्जिनियरिङ्ग अध्ययन संस्थान, डीनको कार्यालयद्वारा पश्चिमाञ्चल क्याम्पस, पोखरामा आयोजना गर्न लागिएको हो। उक्त Conference सञ्चालनको लागि Working Committee र Publication Committee निम्नानुसार रहेकोछ।

**Working Committee**

१. प्रा.डा.संगीता सिहं, एम.एस्सी. कोअर्डिनेटर, Energy for Sustainable Social Development ,
इ.अ.सं., पुल्चोक क्याम्पस, पुल्चोक - संयोजक

२. डा. गोपाल घिमिरे, सहायक क्याम्पस प्रमुख, इ.अ.सं., पश्चिमाञ्चल क्याम्पस, पोखरा - सदस्य

३. डा. बसन्त जोशी, इलेक्ट्रोनिक्स तथा कम्प्युटर ई. विभाग, इ.अ.सं., पुल्चोक क्याम्पस, पुल्चोक - सदस्य

४. श्री शरण थापा, एम.एस्सी. कोअर्डिनेटर, इलेक्ट्रोनिक्स तथा कम्प्युटर ई. विभाग

पश्चिमाञ्चल क्याम्पस, पोखरा - सदस्य

५. श्री मेनुका कार्की, एम.एस्सी. कोअर्डिनेटर, इलेक्ट्रीकल ई. विभाग,

पश्चिमाञ्चल क्याम्पस, पोखरा - सदस्य

६. श्री विदुर ढकाल, लेखा प्रमुख, इ.अ.सं., डीनको कार्यालयस, पुल्चोक - सदस्य

७. श्री सुनिता ढुंगेल, योजना शाखा प्रमुख, इ.अ.सं., डीनको कार्यालयस, पुल्चोक -सदस्य सचिव

**सल्लाहकार**

१. प्रा.डा.सुशील बहादुर बज्राचार्य, सहायक डीन (योजना), इ.अ.सं., पुल्चोक ।

२. उप-प्रा. निर्मल प्रसाद बराल, क्याम्पस प्रमुख, इ.अ.सं., पश्चिमाञ्चल क्याम्पस, पोखरा ।

**Publication Committee**

१. प्रा.डा. विनोद कुमार भट्टराई, इ.अ.सं., पुल्चोक क्याम्पस, पुल्चोक - संयोजक

२. श्री जयन्द्र श्रेष्ठ, उप-प्राध्यापक, इ.अ.सं., पुल्चोक क्याम्पस, पुल्चोक - सदस्य

३. श्री विवेन दास मुल्मी, उप-प्राध्यापक, इ.अ.सं., पुल्चोक क्याम्पस, पुल्चोक - सदस्य

# नतिजा प्रकाशन

इ.अ.सं. प्रवेश परीक्षा बोर्डले शैक्षिक वर्ष २०७८/०७९ को लागि स्नातकोत्तर तहमा त्रि.वि., इ.अ.सं. अन्तर्गतका आंगिक क्याम्पसहरुमा विद्यार्थी भर्नाको लागि सूचना प्रविधिको आधारमा कम्प्यूटर बिधिबाट मिति २०७८।८।२६ गतेदेखि २०७८।८।२७ गतेसम्म सूचना तथा संचार प्रविधि केन्द्रमा प्रवेश परीक्षा संचालन गरी २०७८।८।२८ गते नतीजा प्रकाशन गरेको छ। प्रकाशित नतीजा अनुसार जम्मा १७७२ जना आवेदकमध्ये १६४२ जना आवेदक प्रवेश परीक्षामा सम्मिलित भएकोमा ८५४ परीक्षार्थीहरु स्नातकोत्तर तहका विभिन्न कार्यक्रमहरुमा भर्ना हुन योग्यता सूचीमा पर्न सफल भएको कुरा प्रवेश परीक्षा बोर्डका अध्यक्ष प्रा.डा. ज्ञानबहादुर थापाले जानकारी दिनुभयो ।

**नतीजा प्रकाशन:**

१. इ.अ.सं. परीक्षा नियन्त्रण महाशाखाद्वारा २०७८ भाद्र महिनामा सञ्चालित स्नातक तहको चौथो वर्ष प्रथम खण्ड सिभिल विषयको नियमित तथा पुनः परीक्षाको परीक्षाफल २०७८।८।२९ गते प्रकाशन गरेको छ।

२. इ.अ.सं. परीक्षा नियन्त्रण महाशाखाद्वारा २०७८ कार्तिक/मंसिरमा सञ्चालित स्नातक तह चौथो र पाँचौं वर्ष दोस्रो खण्डको पुनः परीक्षाको नतिजा २०७८।९।२ गते प्रकाशन गरेको छ। त्यसैगरी २०७८ श्रावण/भाद्रमा संचालित स्नातकोत्तर तह प्रथम वर्ष दोस्रो खण्डको विभिन्न १२ वटा कार्यक्रमहरुको नतिजा समेत २०७८।९।२ गते प्रकाशन गरेको छ।

| *बुलेटिन प्रकाशन परिवार* | |
|---|---|
| प्रा. डा. शशीधर राम जोशी — संरक्षक | प्रा. डा. चिन्तामणी पोखरेल — संयोजक |
| प्रा. डा. सुशील ब. बज्राचार्य — सल्लाहकार | बाबुराम दवाडी — सदस्य (सम्पादक) |
| प्रा. डा. ज्ञान ब. थापा — सल्लाहकार | विदुर ढकाल — सदस्य |
| प्रा. डा. राजेन्द्र श्रेष्ठ — सल्लाहकार | पूर्ण प्रसाद गौतम — सदस्य |
| | भिम बहादुर श्रेष्ठ — सदस्य सचिव |

**इ. अ. सं. का सवै क्याम्पस, सम्वन्धन प्राप्त कलेज, अनुशन्धान/परामर्श केन्द्र, शाखा/महाशाखाहरुलाई अनुरोध!**

सम्वन्धित संस्थाको उचित कार्यसम्पादन मुल्याङ्कन तथा उच्च पारदर्शीता कायम राख्न यस बुलेटिन प्रकाशनले अहम भूमिका खेल्ने अपेक्षा गरिएको छ।

तसर्थः इ. अ. सं. का सवै क्याम्पस, सम्वन्धन प्राप्त कलेजहरु, सम्वन्धित विभागहरु, अनुसन्धान/परामर्श सेवा केन्द्रहरु, शाखा/महाशाखाहरु आदिले संस्था र सार्वजनिक सरोकारसँग सम्वन्धित गतिविधिहरु प्रत्येक महिनाको २६ गते भित्र इ. अ. सं. को इ-मेल bulletin@ioe.edu.np मा पठाई सहयोग गर्नुहुन बुलेटिन प्रकाशन समिति हार्दिक अनुरोध गर्दछ। साथै बुलेटिन प्रकाशन सम्वन्धमा कुनै Feedback/Comments र सुझावहरु भएमा सो समेत पठाउन अनुरोध गरिन्छ।

## इ. अ. सं. बुलेटिन प्रकाशन समिति